# प्रदेश सभा

## गण्डकी प्रदेश

## दोस्रो अधिवेशन

## (चौथो बैठक)

### कार्यवाहीको सम्पूर्ण विवरण

### मिति : २०७५/०२/१८ गते, अपरान्ह १.०० बजे

प्रदेश सभा, गण्डकी प्रदेशको दोस्रो अधिवेशनको आजको बैठकको कारवाही माननीय सभामुख श्री श्रृजना शर्माज्यूको अध्यक्षतामा दिनको १ बजेर ७ मिनेटमा प्रारम्भ भयो।

**माननीय सभामुखज्यू**

माननीय सदस्यहरु, आजको बैठकको कारबाही प्रारम्भ हुन्छ ।

माननीय सदस्यहरु, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७५ जेष्ठ १७ गते सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५/७६ को बजेट तयारीका लागि **विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकता (कर प्रस्ताव बाहेक)** प्रस्तुत गर्नुभएको प्रस्ताव माथिको छलफल प्रारम्भ हुन्छ।

सर्वप्रथम माननीय श्री इन्द्रलाल सापकोटालाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

**माननीय इन्द्रलाल सापकोटा**

सभामुख महोदय, यतिबेला हामी आर्थिक वर्ष ०७५/०७६ का बजेट विनियोजनका सैद्धान्तिक, पक्ष यसका आधारहरु र प्राथमिकताका क्षेत्रहरुको सन्दर्भमा छलफल गर्न

जुटि रहेका छौं। वर्तमान सरकार मूलत: आर्थिक योजना मन्त्री किरण गुरुङ्गलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। अत्यन्तै प्रयत्न, मिहिनेतका साथ, संक्षेपमा आर्थिक वर्ष ०७५/०७६ र यसका विनियोजन सिद्धान्त माथि संक्षेपमा धेरै कुरा यहाँ प्रस्ताव गर्नु भएको छ। यति बेला हामी यो दोस्रो बजेट अधिवेशनमा उपस्थित छौं। यो बजेट अधिवेशनमा उपस्थित भई रहँदा आम मतदाताले हामी माथि यो प्रदेश नं. ४ र अहिलेको वर्तमान सरकार र हामी माननीय सांसदहरु प्रति आउने बजेट कसरी प्रस्तावित हुनेछ, हाम्रा माग र मुद्दाहरु पुरा हुनेछन् कि छैनन् धेरै विषयहरु प्रतिक्षाको घडिमा बस्नु भएको छ मलाई यस्तो लाग्छ। संक्षेपमा यसले सुशासनको कुरा उठाएको छ। प्रदेश नं. ४ भित्र अहिले हामीले महसुस गरेको कुरा के हो भने, सरकार जनशक्तिविहीन बनेको छ। मन्त्रालयलाई यथोचित जनशक्ति उपलब्ध हुन सकि रहेको छैन। हामीले ०७४/७५ मा विनियोजित शिर्षकका कैयौं बजेटहरु यिनि कारणहरु खर्च गर्न नसकियोको तितो यथार्थ हाम्रो सामु छ। यसले जनशक्ति व्यवस्थापनको कुरा पनि गरेको छ। यसले सैद्धान्तिक रुपमा सुशासन मात्रै हैन, गरिबी उन्मुलनको कुरा गरेको छ। संघीय सरकारले अगाडी सारेका लक्ष्यहरु पूरा गर्ने कुरा पनि गरेको छ। त्यति मात्र होइन, यति बेला हामीले संविधानत: स्विकार गरेको एउटा कुरा के हो भने हामी संविधान मार्फत अब हामी समाजवाद निर्माणको बाटो तर्फ अगाडी बढने कुरा प्रस्तावनामा हामी सबैले स्विकारेको सत्य हो। यसलाई पनि आधार मानेको छ। त्यस कारण यसका सैद्धान्तिक पक्षमा कुनै प्रश्न गर्नु पर्ने त्यस्तो म केही देखिरहेको छैन। हामी सबैको निचोड रहेको छ कि प्रदेश नं. ४ का विकासका प्राथमिकताहरु के के हुन भन्ने सन्दर्भमा नि हामी अघिल्लो सेशनमा धेरै छलफल गरेका छौं। हाम्रो पहिलो प्राथमिकताको क्षेत्र हामीले पर्यटन छुट्टाएका छौं, दोस्रो उर्जा भनेका छौं, त्यसै गरि हामीले उद्योग भनेका छौं, त्यस पछि पूर्वाधार भनेका छौं। यसै गरेर पूर्वाधार निर्माण लगायत, कृषि लगायतका क्षेत्रमा यसले आफ्ना प्राथमिकताका क्षेत्रहरु निर्धारण गरेको छ र साराशंमा यसले प्रदेश नं. ४ लाई मुलुककै सम्पन्न एउटा संवृद्ध प्रदेश गराउने सपना देखेको छ यो मानेमा यो विनियोजन विधेयक २०७५ का सैद्धान्तिक र प्राथमिकताका क्षेत्रहरुको सन्दर्भमा मेरो धेरै भन्नु छैन। मैले यो सन्दर्भमा यति मात्र

जोडन चाहन्छु, वास्तवमा यो सिद्धान्त र प्राथमिकताको क्षेत्र जुन निर्धारण गरिएको छ, यसको जगमा रहेर यो वर्तमान सरकारसँग जुन चुनौती खडा भएका छन्। भर्खरै बजेट आएकोछ हामीले महसुस गरेका छौं। बजेटले प्रदेशलाई कति शक्तिशाली बनाउन खोजी रहेको छ, हामीले महसुस गरेका छौं। वास्तवमा संविधानले परिकल्पना गरेको तीन तहको सरकार मध्ये प्रदेश सरकारलाई हेर्ने दृष्टिकोणको बारेमा, चाहे नेतृत्वको सवाल होस् चाहे ब्यूरोक्रयाटसको नेतृत्व तहमा मान्छेहरुको सवाल होस्। हामीले बुझि रहेका छौं, यतिबेला संघीयता माथि प्रश्न उठाउँदै छ। प्रदेशका सिङ्गो काम कारवाही माथि प्रश्न उठाँदैछ वास्तवमा हामी अहिले यहाँ उपस्थित भई रहँदा कता कता प्रदेश सभाका माननीय सभासदको हैसियतमा उपस्थित भई रहन अप्ठ्यारो मान्नु पर्ने। जनताको बिचमा प्रश्न उठी रहेका छन् जवाफ दिन गाह्रो हुने स्थिति बन्दै छ। यसका निम्ति यो वर्तमान सरकारको साथमा हामी छौं। तपाईंहरुको पछाडी हामी छौं। त्यस कारण संविधानले परिकल्पना गरेको प्रादेशिक संरचना, संघीय संरचनालाई मजबुत गराउनका निम्ति अझ दरो गरि खुट्टा टेक्ने, अझ दरो गरि आफ्नो भूमिकाहरु अदा गर्नका निम्ति यो सरकार सफल होस्। वास्तवमा संविधानले परिकल्पना गरेको लक्ष्य पूरा गर्नका निम्ति तपाईं हामी फेरि एक पटक धेरै हिसाबले सोचेर

**(माननीयज्यू समय सक्कियो)**

हाम्रो आन्तिरक स्रोत र साधनहरुलाई पनि बलियो बनाउनु पर्ने आवश्यकता छ भन्ने कुरा राख्दै विदा हुन चाहन्छु। हस् धन्यवाद।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री मेखलाल श्रेष्ठलाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, म हाम्रो मुख्यमन्त्रीज्यू यहाँ हुनुहुन्न उहाँलाई धेरै धेरै धन्यवाद र आभार व्यक्त गर्न चाहन्छु। जुन कुरो अघि पूर्व वक्ता माननीयज्यूले पनि

थोरै मात्रै पनि उठाउन चाहनु भयो। हुनु भयो त्यो कुरा उहाँले भन्दा धेरै कुरा मुख्यमन्त्रीज्यूले सुन्नु भएको छ। त्यसो भएर सबै माननीयज्यूहरुलाई म उहाँ सँगै जोडदै यो हामी यो प्रदेशको विकास गर्न प्रदेशको जनताको चाहनालाई पूरा गर्नको लागि यो प्रदेश सरकारमा प्रदेश सभामा माननीय भएर आएका हौं। हामी कसैको त्रास र आसमा नबसौं यो प्रदेशलाई समुन्नत बनाउनको लागि हामी जुन हिसाबले जनताले हामीलाई म्यान्डेट दिएर पठाएको, त्यही अगाडी बढौं। जुन कुरा म भन्दा पहिलाको माननीय सदस्यहरुज्यूले पनि सुन्नु भएको छ। यसलाई सबै माननीयहरु भएनौं भने हाम्रो स्थिति कहाँ पुग्छ भन्ने कुरा अहिलेको केन्द्रिय सरकारको बजेटले शुरुवात गरि सकेको छ। म त्यसलाई अगाडी बढाउन सबै माननीयहरु एकजुट हुनु पर्छ भन्ने मलाई आशा छ र विश्वास छ। यो आज हामी जुन विषयमा छलफलमा उपस्थित भएका छौं, आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले कोर्नु भएको मैले यसलाई ड्राफ्ट भन्दछु यो ड्राफ्ट नै हो। उहाँले शुरुवात के के गर्ने भन्ने कुरा शुरुवातको विषयमा हामी छलफलमा छौं। उहाँले जुन आफ्नो भाषणमा पनि भन्नु भएको छ र प्रतिबद्धता पनि व्यक्त गरिनु भएको छ, त्यसलाई नै हामीले विश्वास गरेर हाम्रो चाहना र जनताको चाहना अनुसार जसरी उहाँले ड्राफ्ट गर्नु भएको छ त्यसरी नै त्यो प्रिन्ट हुँदा पनि सबैलाई समेटने गरि बजेटहरु आओस्। त्यसमा जुन कुराहरु उल्लेख गर्न खोजिएका छन्। जुन कुराहरु भन्न खोजिएका छन् धेरै कुराहरु त्यो ड्राफ्ट भित्र परेका छन्। सबै कुरा त्यसमा समेटिएर लेख्न नमिलेर होला, मिल्दैन पनि होला। त्यसलाई चाहिने पुरा बजेट आउँदाखेरि सबै समेटिएर जुन मूल स्पिरिटका साथ त्यो ड्राफ्ट आएको छ। त्यसलाई कुरा टुङ्गाउने गरेर आओस् भन्ने चाहना व्यक्त गर्दछु। जहिले पनि हामीले जनताको आवश्यकता, यथोचित वितरण, समानता र अपरिहार्यलाई एउटा आफ्नो अगाडी राखेर, जनताको चाहना र इच्छा अनुसार विकास निर्माणलाई अगाडी बढाउनको लागि एउटा दृढ शक्ति अगाडी सार्‍यौं भने कोही पनि मेरो होइन। कोही पनि अर्काको होइन र सबै हाम्रो हो। हामी यो विकास गर्न आएका हौं भन्ने हिसाबले पक्कै पनि यो बजेट आउने छ र यो भन्दा पहिलाका बजेटमा भएका कुराहरुलाई पनि समावेश गर्दै र यो चार नम्बर प्रदेशका जनताले चाहेका योजनाहरुलाई कसैलाई पनि पाखा र काखा नगर्ने गरि

आओस् र यसमा हामीले त्यो आएका कुराहरुलाई विकास निर्माणका कुराहरुलाई पक्कै पनि सहकार्य गरेर हिडने छौं र यदि त्यो हामीले आएका ड्राफ्ट भए अनुसार र हाम्रो चाहना अनुसार नेपाली जनताको चाहना अनुसार त्यसमा समेटिएन भने हामीले त्यो विषयमा सत्तापक्षलाई जसरी हाम्रो चाहना छ, त्यसरी नै हामीलाई पनि साथमासाथ लिएर हिडन सफल हुनु होस् हाम्रो साथ तपाईंहरुलाई हुनेछ। हामी प्रतिपक्षको जहिले पनि क्रियेटिभ काममा हामीले तपाईंहरुलाई साथ दिनेछौं र जनताको अधिकारमा कतै कहिं कुण्ठित आउन थाल्यो भने हामीले त्यसमा अवश्य पनि नेपाली जनताले जुन म्यानडेट दिएर हामीलाई पठाएका छन् त्यही अनुसार हामी जानेछौं। यसमा तपाईंहरुको संधै हामीलाई सबै माननीयहरुको साथ हुनेछ भन्ने आफ्नो भनाई राख्दै विदा हुन्छु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री रामजी बराल जीवनलाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय रामजी वराल जीवन

माननीय सभामुख महोदय, धैरै त्याग र बलिदानको बिचबाट प्राप्त यो सम्मानित सभामा बर्खे अधिवेशन अथवा बजेट अधिवेशनको प्रक्रियामा आर्थिक मामिला तथा योजना मन्त्रीले जसरी यहाँ सिद्धान्त र प्राथमिकताका विषयवस्तुहरु प्रस्तुत गर्नु भएको छ, मलाई लाग्छ यो धैरै सुन्दर छ। यसर्थ म आर्थिक मामिला तथा योजना मन्त्रीलाई विशेष हिसाबले धन्यवाद दिन चाहन्छु। स्वाभाविक रुपमा सिद्धान्तका कुरा गर्दै गर्दाखेरि ध्यान कहाँनिर केन्द्रित गरिएको छ भने राजनीतिक हिसाबले जे अधिकारहरु बहाली भएका छन् ति अधिकारहरुलाई स्थापित गर्नका निम्ति पनि यहाँ विशेष जोड दिएको छ। त्यति मात्र छैन, चार नम्बर प्रदेशका जनताले जे अपेक्षा गरेका छन्, ति जनताहरुको अपेक्षालाई सम्बोधन गर्नका निम्ति पनि यहाँ प्रयत्न गरिएको छ। त्यसका अतिरिक्त शहिद बेपत्ता योद्धा घाइते योद्धाहरुले जे सपना देख्नु भएको थियो। ति सपनाहरुलाई साकार तुल्याउने हिसाबले पनि मिहिनेत गरेको म देख्छु।

साथसाथै चार नम्बर प्रदेशलाई कसरी संमृद्ध तुल्याउने भन्ने दिशा तिर पनि बढो गहिरो सपना देखेको मलाई अनुभूति हुन्छ। यसरी हेर्दै गराखेरि स्वाभाविक रुपमा दिगो शान्तिलाई आधार मान्ने, आत्मनिर्भर अर्थतन्त्रका स्रोत के हुन भन्ने सन्दर्भमा सरकार नीजि र सहकारी लगायत लगानीमैत्री वातावरण बनाउने कुरा, त्यसका अतिरिक्त आर्थिक, सामाजिक, भौतिक पूर्वाधारहरुलाई पनि लक्ष्य मानिएको छ। साथै उच्च प्राथमिकता, उच्च प्रतिफल दिने हिसाबले भौतिक पूर्वाधारलाई महत्व दिएको छ। गरिबी घटाउने, रोजगारीको व्यवस्था गर्ने कुरा गरिएको छ। जहाँ जे सीप छ, जहाँ जे ज्ञान छ, दक्षता छ, क्षमता छ त्यसलाई विकास गर्ने कुरा, विकास गर्दै विपन्न समुदायको हित गर्ने कुरा पनि निकै महत्वपूर्ण छ। यसका अतिरिक्त छलछाम र षठयन्त्र होइन जवाफदेही र उत्तरदायी ढंगले सुशासन दिने कुरा निकै अर्थपूर्ण छ त्यसका अतिरिक्त जलस्रोत,  खनिज र वनजंगलको पहिचान र व्यवस्थापन पनि असाध्य महत्वपूर्ण देखिन्छ। सिद्धान्तका हिसाबले हेर्दाखेरि प्राथमिकताका हिसाबले हेर्दाखेरि पर्यटन, कृषि, उर्जा, पूर्वाधार निकै महत्वपूर्ण छन्। यसर्थ, यो जुन सिद्धान्त र प्राथमिकताको विषय प्रस्तुत भएको छ, यो सराहनीय छ र साँच्चै आगामी दिनहरुमा यसलाई विशेष हिसाबले सम्बोधन गर्ने कुरा अथवा यसको जगमा भोलि नीति र कार्यक्रम आउने छ भन्ने यो एउटा विश्वास पनि मैले लिएको छु। त्यसका अतिरिक्त वस्तुको विकास र विनाशमा आन्तरिक कारण प्रधान हो। हामीले हाम्रो प्रदेशलाई कसरी बलियो बनाउने भन्ने सन्दर्भमा हामी आफैं हो। केन्द्रिय सरकार सहायक हो। अरु चीज तत्वहरु पनि सहायक हुन्। यसर्थ साँच्चै यो प्रदेशलाई बलियो बनाउनका निम्ति संविधानले व्यवस्था गरे अनुरुप जसरी संविधानले यो प्रदेशलाई बुझेको छ। जसरी व्याख्या गरिएको छ, साँच्चै त्यसको मर्मलाई ठीक ढंगले अगाडी बढाउनका निम्ति हामी नै प्रधान हौं भन्ने कुरा पनि हामीले बुझेका छौं र मेलै सबैसँग यो अपिल गर्दै खासगरि सरकारसँग हामी सबैसँग यो अपिल गर्दै हाम्रो प्रदेशलाई हरेक हिसाबले सबल, सक्षम तुल्याउनका निम्ति चार नम्बर प्रदेशका जनताले गरेको अपेक्षालाई साकार पार्नका निम्ति हामी सक्षम बन्ने छौं भन्ने विश्वास सहित मेरा भनाईहरुको बिट मार्न चाहन्छु। धन्यवाद।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री कृण्ण थापालाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय कृण्ण थापा

माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ्गज्यूले २०७५ को विनियोजित विधेयक सिद्धान्त र प्राथमिकता माथि हामी छलफल गर्न गई रहेका छौं। यो हाम्रो सिद्धान्त र प्राथमिकताको किताब अलि दुब्लाएर आएछ। पहिला असाध्यै मोटो थियो। अहिले अलि दुब्लाएर आएछ।जे होस् दुब्लाएर आए पनि मलाई लाग्छ खुर्सानी पनि भेडे खुर्सानी नभएर जिरे खुर्सानी नै होला यो भनेर मलाई गौरव लाग्या छ। उहाँले विशेष गरेर जुन प्राथमिकता र सिद्धान्तका आधारमा पूर्वाधार, कृषि, स्वास्थ्य, खानेपानी लगायतका विषय वस्तुहरुलाई जुन प्राथमिकता बनाउनु भएको छ। मलाई लाग्छ त्यो स्वागत योग्य नै छ। यसमा सबैभन्दा पहिला मैले के कुरामा बढी जोड दिन चाहन्छु त भने, हामीले हाम्रो समाजलाई अथवा हाम्रो प्रदेशलाई समाजवाद उन्मुख बनाउने कुरा हामीले गरेका छौं। यहाँ उल्लेखित छ। समाजवाद शब्द तिर फर्केर हेर्ने कि उन्मुख गराउने मात्र कि समाजवाद उन्मुख बनाउने, समाजवाद बनाउने। समाजवादले के भन्छ भने समानताको सिद्धान्त कायम गर्ने भन्छ। कतै हामीले बाज र बाख्रोलाई एउटै ठाउँमा राखेर समाजवादको कल्पना गर्न खोजिए भने निश्चित रुपमा समाजवाद उन्मुख हुन सक्दैन, समाजवादमा हामी परिणत गर्न सक्दैनौं। त्यसले गर्दाखेरि यो सित हामीले अलिकत परिभाषित रुपमा उल्लेखित गर्नु पर्ने आवश्यकता छ। हाम्रो उद्योग, हाम्रो कल कारखाना, हाम्रा सबै विदेशी प्रभावमुखी बनाउने, स्वदेशीमुखी नबनाउने अनि त्यसपछि हामी समाजवाद उन्मुख हुन्छौ कि हुँदैनौ् ? यो कुरा हामीले विशेष गरेर ध्यान दिन आवश्यक छ। र त्यस पछि यहाँ केहि कुराहरु अलि छुटे जस्तो लाग्छ। हाम्रो देशमा भएको भ्रष्टाचार सबैभन्दा बढि त्यसमा पनि राजनीतिक भ्रष्टाचार हो। यसलाई उन्मुलन गर्नका लागि भ्रष्टाचारमुक्त कार्यक्रमहरु यहाँ समावेश हुन आवश्यक छ। अर्को जुन विपतका परिस्थितिहरुमा आउने जुन

समस्याहरु छन्। त्यसलाई पनि पूरा गर्नका लागि विपद् व्यवस्थापन कोषको पनि ध्यान दिन पर्ने आवश्यकता छ र हामीले योजना बैंक गर्ने भनेर अर्थ मन्त्रीज्यूलाई हामीले योजना दियुँ। विगतको आर्थिक नीति कार्यक्रममा कुनै पनि मेरो मेरो जिल्ला त मेरो प्रदेश त ठीकै छ नपर्ने होला। मेरो जिल्लामा पनि एउटा योजना पर्न सकेन तैपनि हामीले ठीकै छ भनें किनभने जिरो बाट शुरु गरिएको र कार्यान्वयन हुने बेला पनि जिरै होला भनेर हामीले भनें भनेको हो। त्यसकारण आगामी दिनमा यो समानताका आधारमा, आवश्यकताका आधारमा र क्षेत्रलाई राम्रोसँग समेटने प्रकारले हुन आवश्यक छ। त्यो विषयमा विशेष ध्यान दिनु हुनेछ भन्ने कुरा म अनुरोध गर्दै विदा हुन्छु। धन्यवाद।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु। समय ७ मिनेट।

## माननीय हरिशरण आचार्य

माननीय सभामुखज्यू, हामी बजेटको सिद्धान्त र प्राथमिकताको विषयमा छलफल गरि राखेका छौं। पूर्ववक्ता माननीयज्यूहरुले आफ्नो धारणा राखेर गई सक्नु भएको छ। राख्दै गर्दा यो सदनमा मैले साँच्चै यो सरकारसँग यसो हेर्दाखेरि भिजन त बनेकै देखियो म यो प्रति सम्मान गर्न चाहन्छु। भिजन बनेकै छ मिशन पाँच वर्षको सरकारको बनेको छ जो समाजवाद उन्मुख कार्यक्रम बनेको छ। यो प्रति म सम्मान गर्न चाहन्छु र विशेष गरि भिजन सही भएर मात्रै पुग्दैन। हामी पाँच वर्ष भित्र समाजवाद उन्मुख अर्थ व्यवस्थाको कुरा गरि राखेका छौं। त्यसको आधारशिला खडा गर्ने कुरा गरि राखेका छौं। साँच्चै उद्देश्य चन्द्रमा पुग्ने सरकारले लिएकै छ। यो प्रति साँच्चै हामीले अनुभूत गरेका छौं तर हामी चन्द्रमा पुग्नका निमित्त के चढनु पर्छ भन्ने कुराको साँच्चै त्यसको खोजि हुनु जरुरी छ। हामी वायुपंखी घोडा चढेर चन्द्रमा पुग्न सम्भव छ? यो कुरा हामीले साँच्चै यो भित्र खोज्दा अनुभूति गर्न सकेका छैनौं। हामीले अनुभूति गरेको कुरा सरकारले कम्तिमा आफ्नो कार्यदक्षता, क्षमतालाई अभिवृद्धि

गर्न जरुरी छ। अहिलेसम्मका गतिविधिहरु हेर्दाखेरि त्यो अनुभूत हुन सकेको छैन। कुशल प्रशासक, दक्ष कर्मचारी, सहयोगी प्रतिपक्ष निर्माण गर्ने कुरा र विश्वासी जनताको हाड, भरोसा र आधार पक्कै रहन जरुरी छ। त्यो खालको एउटा वातावरण अहिलेसम्म यो प्रदेशमा बन्ने र बनाउने खालको अनुभूति हुन नसक्दाखेरि यो साँच्चै यो कार्यान्वयनको कुरा, यो एउटा भिजन त बन्यो त मिशन पुरा हुने कुरामा आशंका छ। मैले अनुभूत गरि राखेको छु। हामी संमृद्ध प्रदेशका आधारहरु के हुन सक्छन् भन्ने कुरामा हामी छलफल गरि राखेका छौं। आज हामी यो प्रदेशलाई संमृद्ध प्रदेश बनाउने कुरा गरि राखेका छौं। त्यो प्रदेश बनाउनका निमित्त हामी के उर्जा क्षेत्रमा हामीले अबको पाँच वर्षमा अघिल्लो नीति तथा कार्यक्रम मात्रै एउटा ढंगले आयो तर म सरकारसँग अनुरोध गर्न चाहन्छु। हामी पाँच वर्षमा पन्ध्र सय  मेगावाट विद्युत निकालेर एक पटक देखाउने हिम्मत गरौं त्यो हाम्रा लागि काफी हुनेछ। अनि पर्यटकीय आधार विशेष गरी मुख्य पर्यटकीय स्थानहरुमा एकीकृत विकासको योजना अन्तर्गत लिएर जान सक्छौं कि सक्दैनौं? हामीले परम्परागत ढंगको कृषि प्रणालीलाई बदल्न कुन वस्तुको उत्पादन कहाँ कति हुन्छ? त्यसको प्राविधिक अध्ययन गरेर त्यसको आधारमा पकेट एरिया घोषणा गरी उक्त कार्यलाई सहयोग पुग्ने गरी प्रविधिमैत्री बनाएर चक्लाबन्दी खेति प्रणालीमा लैजना सक्छौं कि सक्दैनौं ? यो विषयवस्तु महत्वपूर्ण छ। हामी विद्यालयको कुरा गरि राख्या छौं। अहिले स्थानीय तहमा विद्यालयहरुलाई, सबैलाई थुपारिइदिएको छ तर त्यो विद्यालयहरुको भौतिक संरचना छैन। त्यसको कुनै प्रविधि छैन। त्यसको प्रविधि मैत्री छैन, अनि त्यस पछाडी त्यो ठाउँमा अहिले हामी क्वालिटीको शिक्षा दिने गरेर अनि नीजि क्षेत्रलाई, त्यसलाई माइनस गर्दै, सामुदायिक विद्यालयलाई प्रोत्साहित गर्ने गरी कार्यक्रम ल्याउनु पर्ने ठाउँमा सरकारले उल्टो अहिले नीजि विद्यालयहरुलाई प्रोत्साहित गर्ने गरेर संघीय सरकारले योजना ल्याई राखेको छ। हामी, हामी त्यो कुरालाई यहाँ आत्मबोध गर्न सक्छौं कि सक्दैनौं ? हामी यहाँ हेर्न बाँकि छ। त्यसैले म बजेटमा आगामी दिनमा नीजि क्षेत्र शिक्षामा, नीजि क्षेत्रलाई होइन राज्यको मौलिक अधिकार भित्र पर्छ शिक्षा र स्वास्थ्य। त्यो जनताले पाउने अधिकार मौलिक अधिकारि भित्र पर्छ। त्यो मौलिक अधिकारलाई, वास्तवमा

हरेक नागरिकले त्यो कुराको अनुभूत गर्न पाउने गरी नीजि क्षेत्रलाई निरुत्साहित गर्ने र साँच्चै सामुदायिक विद्यालय, राज्यको लगानी भएका विद्यालयहरुलाई हामीले प्रोत्साहित गर्ने खालको त्यस्तो प्रविधिमैत्री बनाउने खालको, अनि यो प्रदेशले स्थानीय तहमा फेरि त्यसलाई अर्को जागरुक गर्ने खालको एउटा वातावरण बनाउन सक्छ कि सक्दैन यो विषयवस्तु शिक्षाको महत्वपूर्ण विषयवस्तु हो र अर्को कुरा हामी पहुँच पुग्नेलाई मात्रै विकासको पूर्वाधार, यो परम्परागत विकासको अथवा यसलाई त मैले पञ्चायती शैली भन्ने गर्छु। जो जसरी पहुँचमा पुग्ने गर्छ त्यसले मात्रै विकासका योजनाहरु पकेटमा राखेर, लिएर फर्कने यो प्रकारको जुन प्रवृत्ति छ, यो प्रवृत्ति, यो विगतको ट्रेण्डमा थोरै देखापर्न खोज्यो। साँच्चै सरकारले यो कुराको अन्त्य गरेर अगाडी बढने खालको एउटा वातावरण बनाउन सक्छ कि सक्दैन यो विषयवस्तु मूल प्रश्न छ र मलाई लाग्छ, यसो गर्नका लागि समावेशितालाई मुख्य आधार बनाउनु पर्छ। हामी संघीयतालाई दरोसँग आत्मसात गर्न सक्छौं कि सक्दैनौं? अल अल्पसंख्यक, दलित, उत्पिडित, महिला, उपेक्षित भूगोलमा समान पहुँचको उपयुक्त आधार बनाउन सक्छौं कि सक्दैनौं यो क्वेशचन हाम्रो लागि चडकारो छ। आर्थिक रुपमा सम्पन्न तर आत्मिक रुपमा प्रताडित महिलाहरुको जरजर एउटा पिडा छ। घरानीय र सम्भ्रान्त परिवारमा लुकेको महिला हिंसालाई उजागर गर्ने महिला साधना तथा स्वाभिमान महिला शक्ति निर्माण गर्न एउटा सशक्त महिला जागरण अभियान हामी संचालन गर्न हामी सक्छौं कि सक्दैनौं? यो प्रश्न महिलाहरुको बिचमा साँच्चै यो विषयवस्तु जेनुइन प्रश्न बनेको हो। प्रदेश सभालाई सम्मानित र आदर गर्न लायक बनाउन अहिलेसम्म सरकारी तवरबाट अर्थपूर्ण पहल देखिदैंन। साँच्चै हामी यसमा पनि यो विषयवस्तु बोलिएको छैन। प्रदेश सभालाई सम्मानित बनाउने कुरा मैले त्यो अनुभूत गर्न सकेको छैन। यो सभा अपमानित हुनु भनेको सरकार स्वयं अपमानित हुने कुरा हो।

**(माननीय सदस्य समय सकिएको)**

त्यसैले सम्मानित हुने एउटा आधार खडा गरियोस्। आगामी बजेटमा त्यो विषयवस्तु समावेश गरियोस्। यहि **(माइक डिस्टर्ब भएको साउण्ड आयो)** धारणा सहित आफ्ना भनाई टुङ्गयाउँछु। धन्यवाद।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री राजीव पहारीलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय राजीव पहारी

माननीय सभामुख महोदय, यो बजेट अधिवेशनमा माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नु भएको छ र अघि पूर्ववक्ता माननीयले भने जस्तै यो प्राथमिकताको पुस्तक दुब्लाएर आएपनि यसभित्र रहेका सिद्धान्त र प्राथमिकताले यस प्रदेशका जनतालाई मोटोघाटो बलियो रिष्टपुष्ट ढंगले बनाउने ढंगबाट आएको छ र यो सिद्धान्त र प्राथमिताामा प्रष्ट भिजन छ। मिशन पनि छ। त्यसलाई कार्यान्वयन गर्नको निमित्त सिमित स्रोत साधन सहितको प्रष्ट एक्शन पनि छ। किनकि यो सिद्धान्त र प्राथमिकताले समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधारशिला खडा गरेको छ। यस विधेयकका प्राथमिकताहरुमा भौतिक पूर्वाधार, कृषि, सामाजिक, पर्यटन, उर्जा, औद्योगिक, जलस्रोत लगायतका क्षेत्रहरु उच्च प्राथमिकतामा राखेको छ।सन्तुलित विकासको अवधारणालाई आत्मसात गरेको छ। सामाजिक संरक्षणको कार्यक्रमहरु -द्धारा लोककल्याणकारी मूल्य मान्यतालाई यसले अवलम्बन गरेको छ। नीजि क्षेत्रको भूमिका स्वेदशी लगानीलाई प्राथमिकता दिई वैदेशिक लगानी आकर्षित गरी रोजगारीका अवसर सिर्जना गर्दै र गरिबी निवारणलाई उच्च महत्व दिएको छ। नीजि, सहकारी क्षेत्रलाई विकासको साझेदारका रुपमा अगाडी बढाई संवृद्ध प्रदेश निर्माण गर्ने प्रष्ट खाका, सोंच र दृष्टिकोणलाई आत्मसात गरेको छ। तसर्थ यो विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताको म समर्थन गर्न चाहन्छु र पहिले कहिं कास्टिङ्ग हेरेर मात्रै त्यसको विवेचना गर्नु, व्याख्या गर्नु, त्यो त्यति उपयुक्त हुँदैन। कास्टिङ्ग मात्रै होइन रियल पिक्चरै त बजेटमा आउँदैछ। त्यो रियल पिक्चरै हेरि सकेपछि धेरै कुरा थाहा हुने नै छ। धन्यवाद।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री विन्दु कुमार थापालाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय विन्दु कुमार थापा

सभामुख महोदय, आज हामी विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकताका विषयमा छलफल गर्दैछौं। माननीय आर्थिक मामिला तथा योजना मन्त्रीले हिजो प्रस्तुत गर्नु भएको यो सिद्धान्त र, सिद्धान्त र प्राथमिकताका विषयमा सदन समक्ष कुरा राख्दाखेरि यो २०७५ सालको नीति तथा कार्यक्रम २०७४/०७५ को नीति तथा कार्यक्रम र बजेट विनियोजनलाई निरन्तरता दिंदै त्यसैलाई नै परिष्कृत रुपमा अगाडी बढाइएको छ भनेर भनि राख्नु भएको थियो तर यो बुँदा नम्बर ९ मा बजेटका उद्देश्य हासिल गर्न प्राथमिकता तोक्ने क्रममा अघिल्लोमा पर्यटनलाई एक नम्बरमा राखिएको थियो। यसलाई अहिलेकोमा यो पूर्वाधार अथवा सडक सञ्जालको विस्तारको लागि भनेर एक नम्बरमा राखिएको छ यो, र त्यस्तै गरेर पर्यटनलाई अहिलेको यो ०७५ कोमा चौथो नम्बरमा पुगेको हामीले अनुभव गरेका छौं। यो अलिकति अलमल हो कि के हो? यसलाई प्रष्ट पार दिन म अर्थ मन्त्रीज्यूलाई आग्रह गर्दछु। र अर्को कुरा यो पाँच नम्बर बुँदामा प्रगतिशिल कर प्रणाली भनिएको छ यसमा प्रगतिशिल कर प्रणाली अन्तरगत हामीलाई लाग्छ यो करको दायरा नबढाईकन, दायरा फराकिलो गरेर दरहरु नबढाउने र यो ट्याक्स पेयरहरुलाई अलिकति सम्मान गर्ने, कर दाताको सम्मान र यो करको दायरा फराकिलो गरेर लैजाने र करका शिर्षकहरु बढाउने सन्दर्भमा लाग्नु पर्छ जस्तो मलाई लाग्छ र यो करको सदुपयोग सरकारले करबाट जति पनि जनताहरुबाट असुल गर्छ त्यसको सदुपयोगको सुनिश्चितता हुनु पर्छ भन्ने मलाई लाग्छ र अर्को यो लगानी मैत्री वातावरणको पनि कुरा मैले दुई ठाउँमा देखें। यो लगानीमैत्री वातावरण सिर्जना गर्ने सवालमा एउटा विधिको शासन छिटो छरितो र सरल न्याय प्रणाली र यो भ्रष्टाचारमुक्त यो शासन पद्धतिको अपरिहार्य आउँछ र त्यस्तै गरेर सरकारी निकायहरु बिचको समन्वय र अहिले तीन तहको सरकार छ। स्थानीय प्रदेश र संघीय सरकारको बिच एउटा खिंचातानी नहुने हिसाबले

समन्वयात्मक विकास प्रणाली अपनाउनु पर्ने हुन्छ। यि कुरा पनि यो प्राथमिकतामा समेटिएर आओस् भन्ने सुझाव राख्दै मेरो आफ्नो भनाई यहिं टुङ्गयाउँछु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री दिपक कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय दिपक कोइराला

माननीय सभामुख महोदय, हामी विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकताका बारेमा छलफलमा छौं। आर्थिक मामिला तथा योजना मन्त्रीज्यूले हिजो यो विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकता प्रस्तुत गर्नु भएको छ। र हामीले यो वर्षको आर्थिक विधेयकको यो सिद्धान्त र प्राथमिकता पढदै गर्दा, हामी सिद्धान्त: हामीले जे कुरा सिद्धान्तमा यहाँ व्याख्या गर्‍या छौं उठाएका छौं। या हाम्रो प्रदेशलाई हामीले एउटा समृद्ध प्रदेशको रुपमा सबल प्रदेशको रुपमा अगाडी बढाउने परि परिकल्पना हामीले गर्‍या छौं, त्यसको आधारमा हाम्रा सिद्धान्तहरु व्यवस्थित रुपले यो, यो सिद्धान्तका प्राथमिकताहरुमा यहाँ आएका छन् जस्तो मलाई लाग्छ। आगामी वर्षको बजेट प्रस्तुत गर्दा प्रदेशका आगामी पाँच वर्ष भित्र आर्थिक, सामाजिक र भौतिक पूर्वाधारका लक्ष्य निर्धारण गरिनेछ र निर्धारित, निर्धारित लक्ष्य हासिल हुने गरी बजेटको विनियोजन गर्नेछ भनि सकेपछि यसमा धेरै व्याख्या गर्नु पर्छ जस्तो मलाई लाग्दैन। बाँकि कुरा बजेटले नै समेटछ र बजेटमा विस्तृत रुपमा नै आउला भन्ने अपेक्षा गर्दछु र यसमा सिद्धान्तका बारे कुरा गर्दा र हाम्रो प्राथमिकताको सूचिका बारेमा म व्याख्या गर्दिन।जसरी प्राथमिकताको सूचीहरु यहाँ तय गरिएको छ र जुन-जुन क्षेत्रहरुलाई हामीले समायोजन गरेर, हामीले यो, यो प्रदेशलाई एउटा सक्षम प्रदेशको रुपमा संवृद्ध प्रदेशको रुपमा अगाडी बढाउँछौं भनेर सिद्धान्तहरुको रुपमा यहाँ प्रस्तुत गरिएको छ र हामी समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने क्रममा पनि छौं भन्ने कुरा जसरी उल्लेख भएको छ र यो जसरी व्याख्या भएको छ मलाई लाग्छ,

त्यसलाई सही ढंगले पहिचान गर्न र अगाडी बढाउन यो सिद्धान्तमा जे प्राथमिकताका साथ आएका छन् यि कुराहरु सफल हुनेछन् र एउटा मिहिनेतका साथ यो सिद्धान्तहरु यहाँ आएको छ भन्ने लाग्दछ र यो प्रति पूर्ण समर्थन पनि म राख्न चाहन्छु। सँगसँगै अलिकति कुरा के छ भने, हामी यो संसदमा आउँदा, हुनत हामी सिङ्गो सरकारको हिसाबले केन्द्रिय सरकारमा या अरु सरकारमा रहँदा हामी सरकारको पक्षमा या सरकार, सरकारको नेतृत्व गरेका पार्टीका सांसदहरु पनि हौं तर, तर हामी यो संघ यो प्रदेश सभामा उपस्थित हुँदै गर्दा केन्द्रिय सरकारको प्रतिपक्षको रुपमा पनि छौं जस्तो मलाई लाग्छ। अलिकति यो बारेमा हामीले छलफल गर्नु पर्ने किनभने संघीयतालाई यहाँ धेरै कुराहरु उठेको छ। संघीयतालाई स्थापित गर्ने र अगाडी बढाउने। संघीयताको मूल मर्म भनेको या संघीयता कार्यान्वयन गर्ने भनेको प्रदेश सरकारले र प्रदेश सभा नै त्यसको मुख्य र मूल नयाँ परिकल्पना हामीले गऱ्या हो। प्रदेश सरकार या प्रदेश सभालाई प्रदेश सरकारलाई समन्वयकारी भूमिका हामीले न संविधानले परिकल्पना गऱ्यो न हिजो आन्दोलनले परिकल्पना गरेको छ। अलिकति यहाँनिर हेर्दै गर्दा केन्द्रिय सरकार या केन्द्र केन्द्रिकृत जुन हामी मानसिकताबाट धेरै माथि उठन नसकेको जस्तो गरिकन केन्द्रिय सरकारका प्रस्तुतिहरु आई राख्या छन् । त्यसकारण, त्यसकारण यो प्रदेश सभा एउटा केन्द्र सरकारको प्रतिपक्षको भूमिकामा पनि, हुन त यो सभा भित्र पक्ष र प्रतिपक्ष होला त्यो अर्कै कुरा हो। तर फेरि समग्र रुपमा यो सभाले एउटा प्रतिपक्षको भूमिका निर्वाह गर्नु पर्ने आवश्यकता पनि मैले महसुस गरेको छू किनकि किनकि संघीयताको कार्यान्वयनका लागि, संघीयतालाई स्थापित गर्नका लागि, संघीयताका लागि हिजो रगत, त्याग, तपस्या र बलिदानको उचित त्यसको सम्मान गर्नका लागि हामीले एउटा महत्वपूर्ण यो भूमिका निर्वाह गर्नु पर्ने ठाउँमा हामी आएका छौं जस्तो मलाई लाग्दछ र अन्तिममा जे कुरा हामीले यो विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकताहरु जुन रुपमा आएका छन् फेरि यो प्रति पूर्ण समर्थन जनाउँदै, यसले एउटा समाजवाद उन्मुख हाम्रो अर्थतन्त्रलाई परिकल्पना गरेको छ भन्ने महसुस गरेको छु। यति कुरा राख्छु। धन्यवाद।

**माननीय सभामुखज्यू**

अव म, माननीय श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

**माननीय पियारी थापा**

माननीय सभामुख महोदय, विनियोजन विधेयक, २०७५ सिद्धान्त र प्राथमिकता उपर छलफलको क्रममा रहेका छौं। वास्तवमा यतिबेला प्रदेश सरकारलाई माछो माछो भ्यागुतो बनाउने काम संघीय सरकारले गरेको छ। जो अत्यन्तै दुखद पक्ष छ। संघीय संरचनाको अत्यन्तै निर्मम रुपमा खिल्ली उडाउने कार्य अहिलेको संघिय बजेट कार्यक्रमले गरेको छ। यसले संघीयताको मिनिमम शर्तहरुलाई समेत उपेक्षा गरेको छ। ७५% संघ अधिकार संघमा राखेर २५% अधिकार प्रदेश, प्रादेशिक क्षेत्रलाई दिने निर्णय संघीयताको खिलाफ हो जसको, जे होस् यति थोरै अनुदानमा पनि प्रदेश सरकारले समुचित परिचालन गर्ने जुन अठोट देखाएको छ, यो अत्यन्तै सराहनीय पक्ष छ। यसका लागि म आर्थिक तथा मामिला मन्त्रीज्यूलाई विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु। मैले यस विधेयकलाई सर्सति अध्ययन गरें। बुँदा नं. ३ ले मलाई असाध्यै छोइयो तर जुन प्रकारको समाजवाद उन्मुख अर्थतन्त्रको आधारशिला खडा गर्ने लक्ष्य लिइएको छ त्यो अनुरुपको कार्यक्रमलाई कहिं कतै पनि प्राथमिकताका साथ राख्ने काम गरेको छैन। समाजवाद उन्मुख अवधारणालाई आत्मसात गर्ने हो भने, त्यो अनुरुपको लक्ष्य निर्धारण गर्नुपर्ने थियो तर त्यो हुन सकेन जसले गर्दा यो पूर्ण रुपमा यथास्थितिवादि बन्न गएको मैले महसुस गरेको छु। म ग्रामिण दुरदराजको तथा किसान वर्गको प्रतिनिधित्व गर्ने पात्र भएकोले पनि मैले यस विधेयक भित्र ति पनि प्राथमितकतामा परोस् भन्न चाहन्छु जो किसान वर्गको हितमा होस्। कृषकलाई कृषि उपज सामाग्रीहरु सहज रुपमा प्राप्त गर्ने वातावरण सिर्जना होस् तथा कृषक वर्गको अनुहारमा कान्ति छाउने प्रकारका कार्यक्रम प्राथमिकतामा परोस्। यसै गरि म महिला वर्गको प्रतिनिधित्व गर्ने

भएकोले पनि सदियौंदेखि घरको कामकाजबाट बाहिर ल्याउँदै आर्थिक रुपमा सबलीकरण र सशक्तिकरण गर्दै, उत्पादनमुखि अर्थोपार्जन गर्न सक्षम बनाउने र कामकाजी दर्जाको रुपमा उपलब्ध गराउनको लागि कार्यक्रमहरु बढी प्राथमिकताका साथ अगाडी आओस् भन्ने म चाहन्छु। त्यसैगरि लाखौंको तादातमा युवा शक्तिहरु विदेश पलायन हुने बाध्यकारी नीतिलाई चिर्नका लागि पनि ठोस रुपमा कार्ययोजना तयार पार्ने नीति तथा निर्माण गर्नका लागि प्राथमिकता दिनका लागि सरकारलाई अनुरोध गर्न चाहन्छु तथा सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिकलाई सम्मानार्थ दिने भनि सुविधालाई उपेक्षा नगर्ने गरी कार्य योजना तयार पार्नका निमित्त पनि म विशेष अनुरोध गर्न चाहन्छु र अन्तमा हाम्रो प्रदेशका जनताहरुलाई रोग, शोक र भोकबाट यथाशक्य उन्मुक्ति पाउने कार्यक्रमलाई प्राथमिकताका साथ र यो अनुरुप कार्यक्रमहरु ल्याउनका लागि सरकारलाई म सुझाव दिन चाहन्छु र यति भन्दै मैले मेरा दुई चार शब्दहरु यहिं टुङ्गयाउन अनुमति चाहन्छु। हस् त धन्यवाद ।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री धनमाया लामा पोखरेललाई छलफलमा भाग लिन समय दिन्छु। समय ३ मिनेट।

## माननीय धनमाया लामा पोखरेल

माननीय सभामुखज्यू, आज हामी विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकताका विषय अन्तरगत छलफलको क्रममा छौं। र म धेरै वाक्यहरुलाई व्याख्या नगरिकन र कसैको स्लोकहरुलाई यहाँ नउतारीकन म आफ्नो सुझाव सरकार समक्ष दर्ज गर्न चाहन्छु, अनुमति चाहन्छु र जतिपनि सरकारले लिएको नीति जुन सिद्धान्तमा परेको छ त्यसलाई समर्थन गर्दै आगामी दिनमा बन्ने नीति तथा कार्यक्रममा मेरो सुझावहरु पनि कहिं कतैबाट समावेश होस् भन्ने ढंगले म विषयवस्तु राख्न चाहन्छु। कृषि क्षेत्रमा, कृषि कृषि निर्यात प्रवर्द्धन विकासको लागि हामीले आगामी दिनमा योजना बनाएर जानु पर्छ र बजार व्यवस्थापन र जुन अहिले हुन गई

रहेको केमिकलयुक्त खाद्य पदार्थहरु छ त्यसको लागि हामीले आगामी योजनामा समावेश गरेर लैजानु पर्छ। निरीक्षणको लागि बजार निरीक्षणको लागि र शिक्षामा प्रदेश स्तरमै प्राविधिक शिक्षा जुन टेकनिकल शिक्षाको अहिले यो जमाना छ यसमा हामीले प्रदेश स्तरमा हाम्रो प्राविधिक शिक्षाको निर्माण गर्नु पर्छ भन्ने म सुझाव दिन चाहन्छु र उर्जा, उर्जाको कुरा गरिरहंदा यहाँ थुप्रै योजनाहरु आएका छन् र म उर्जामा एउटै मात्र बुँदा भन्न चाहन्छु जुन उर्जामा हुन गई रहेको, जुन विद्युत चुहावट छ, यसलाई आगामी दिनमा हामीले नियन्त्रण गरेर लैजानु पर्छ र औद्योगिक क्षेत्रको कुरा गर्दा जुन हाम्रो प्रदेश भित्र राष्ट्रिय महत्वको उद्योग क्षेत्रहरु छ, त्यो बन्दको अवस्थामा छ। त्यसलाई आगामी दिनमा प्रदेश सरकारले सुचारु गर्नु पर्छ भन्ने सुझाव म राख्न चाहन्छु र आर्थिक संमृद्धिको कुरा गरि रहंदा, मैले बुझेको आर्थिक संवृद्धि आर्थिक संवृद्धिको कुरा गरि रहंदा, संवृद्धि भनेको बराबर आर्थिक, आर्थिक संवृद्धिको कुरा गरि रहंदा सबै हिसाबले बराबर हिसाबले संवृद्धि हुनु नै आर्थिक संवृद्धि भन्ने मेरो बुझाई छ र यहाँ कहिं कतै हाम्रो प्रदेश सरकारले यो महिला र बालबालिकाको जुन इश्युहरु छ यो कहिं कतै उठाएको पाएको छैन यसलाई आगामी दिनमा प्रदेश सरकारले सम्बोधन गरोस् भन्ने मेरो सुझाव दिन चाहन्छु। महिला बेचबिखन र बालबालिकाहरुको बेचबिखन जुन चरम रुपमा हाम्रो देशमा एउटा समस्याको रुपमा छ त्यसलाई पनि प्रदेश सरकारले आगामी दिनमा योजनामा राखियोस् भन्न चाहन्छु र घरेलु हिंसाको अन्त्य गर्नको निम्ति पनि सरकारले योजना बनाओस र बालशोषणको क्षेत्र लगायत

**(माननीय सदस्य समय सक्कियो)**

समाजमा विस्थापित भएको महिला र बालबालिकालाई आगामी दिनमा यसलाई पुनर्स्थापना केन्द्रको स्थापना गरेर यो प्रदेश सरकारले व्यवस्थापन गरोस् भन्ने मेरो भनाईहरु राख्दै विदा हुन्छु। धन्यवाद।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री धनन्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय धनन्जय दवाडी

सभामुख महोदय,  हामी प्रदेश सभाको यो बैठकमा विनियोजन विधेयक,  २०७५ का सिद्धान्त र प्राथमिकताका बारेमा छलफलमा छौं। हामी नयाँ पनि छौं। प्रदेशको काम कारवाहीको सन्दर्भमा नयाँ ढंगले अगाडी बढन पनि चाहन्छौं र यसको आफ्नै तथ्य र तथ्याङ्कहरु धेरै ठाँउमा नभएका कारणले हामीले राष्ट्रिय तथ्याङ्कहरुलाई पनि ख्याल गर्ने हुन्छ। विकास प्रयास जारी छ। उच्च गरिबी,  न्यून आर्थिक वृद्धिदर, उच्च आर्थिक असमानता, उच्च बेरोजगारीको स्थिति  विद्यमान छ। दुई तिहाई श्रमशक्ति कृषिमा आधारित छ र अझै पनि निर्वाह कृषि निर्वाहमुखि छ। औद्योगिक विकासको स्थिति कमजोर छ तर सामाजिक क्षेत्रमा को प्रगति पछिल्ला दिनमा आर्थिक गतिविधि आशा लाग्दा छन्। आगामी दिनमा दिगो, उच्च,  फराकिलो र समावेशी विकास गर्ने हाम्रा प्रयासहरु सार्थक हुने देखिन्छ। नेपालमा २१.६% निरपेक्ष गरिबीका रेखामुनि जनता छन्। यसले गर्दा कृषि,  यसले गर्दा साठी लाख भन्दा बढी मान्छे गरिबीका रेखामुनि छन्। कृषि क्षेत्रको उत्पादकत्व बढेको छैन तर बैंकहरुका शाखा धेरै स्थानीय तहहरुमा विस्तार भएको छ। पाँच हजार आठ सय सैंतिस बैंकका शाखाहरु विस्तार भएका छन्। २०१७ भन्दा अहिले पर्यटकहरुको संख्या बढेको छ। नौ लाख चालिस हजार पर्यटकहरुको संख्यामा वृद्धि भएको छ र औषत बसाई १२.६ दिन भएको छ भने खर्च ५४ अमेरिकी डलर रहेको छ। हवाई मैदान, बाटो निर्माण राष्ट्रिय गौरवका आयोजनाहरुको निर्माणका कारणले यो आर्थिक वृद्धिदर अगाडी बढने अपेक्षा राख्न सकिन्छ। अपेक्षा गर्न सकिन्छ। बहुआयामिक गरिबीका कारणले गर्दा,  बहुआयामिक गरिबी राष्ट्रिय स्तरमा जुन औषतमा छ चार नम्बर प्रदेशमा पनि त्यही औषतमा छ। औषत आयु ६८ राष्ट्रिय तथ्याङ्कमा छ भने, चार नम्बर प्रदेशमा त्यो भन्दा बेसि छ। विद्यार्थीको संख्याको अनुपातमा विद्यालय संख्या चार नम्बर प्रदेशमा सबै भन्दा राम्रो छ अरु प्रदेशमा भन्दा र प्रदेशमा सबै चार नम्बर प्रदेश नै नेपालको सबैभन्दा धेरै

बिजुली उत्पादन गर्ने क्षेत्र हो तर यो सबै हेर्दाखेरि पनि पुँजीगत खर्चको अवस्था अत्यन्तै नाजुक छ। यस कारणले जुन ढंगको निर्यात घटने, आयात बढने जुन अवस्था मुलुकमा विद्यमान छ यसका कारणले गर्दाखेरि आगामी वर्षका योजनाहरु बनाउँदा हामीले विशेष ध्यान दिनु पर्ने केहि क्षेत्रहरु छन्। मूलत: हामीले जुन उत्पादनमूलक क्षेत्रहरुमा ध्यान दिन जरुरी छ। जमिनको व्यवसायीकरण महत्वपूर्ण कुरा हो भन्ने लाग्छ। जमिनको व्यवसायीकरण कृषिको यान्त्रिकरण र आधुनिकिकरण हाम्रा प्रमुख कुराहरु हुन। हामीले होमस्टे बनाउने पर्यटनमा भन्यौं भने त्यति नै मात्रामा उत्पादनमा दोब्बर उत्पादन गर्न सक्ने गरेर कृषिमा आधुनिकिकरण गर्न सक्यौं, फर्महरुको विकास गर्न सक्यौं भने हाम्रो प्रदेशलाई हामी आत्मनिर्भर बनाउन सक्छौं। उदाहरणका निमित्त मनाङ्गमा भएको एउटा एग्रो फर्मले स्याउ उत्पादन गर्न सक्छौं हामीले भने त्यति नै मात्रामा त्यहि मौसम त्यहि उँचाईका स्याउहरु उत्पादन गर्यौं भने मुस्ताङ्ग र गोरखाका माथिल्लो भेगमा गर्न सक्यो भने हामी निर्यातमा जान सक्छौं, स्याउमा, चियामा निर्यातमुखि हुन सक्छौं। अलैंचिमा हामीले अहिले निर्यात गरी रहेका छौं त्यसलाई दोब्बर गर्न सक्छौं। यि सबै कुरालाई ध्यानमा राखेर, यो हाम्रा प्राथमिकतामा हामीले हाम्रो बजेटको लक्ष्य प्राप्तिमा केन्द्रित गर्न जरुरी छ। यो नीति तथा कार्यक्रमले, यसको सिद्धान्तले, पहिलो पटक, यस पटक भौतिक पूर्वाधारलाई पहिलो प्राथमिकतालाई राखेको छ भने भौतिक पूर्वाधार बिना पर्यटन या कृषि कुनै पनि क्षेत्रको विकास सम्भव छैन। यस कारणले संवृद्ध प्रदेशको लागि भौतिक पूर्वाधार पहिलो कुरा हो। यो अन्तरराष्ट्रिय सिमासम्म नाकासँग जोडिने कुरा अन्तर प्रदेशीय संरचनाका लागि र प्रदेशको केन्द्रदेखि स्थानीय तहका केन्द्रसँग जोडिने संरचना निर्माण गर्ने कुरा पहिलो प्राथमिकताका रुपमा अगाडी बढने गरि जुन सिद्धान्तलाई आत्मसात गरिएको छ, यो अत्यन्तै सुन्दर छ र यसलाई कार्यान्वयन गर्ने कुरा हाम्रो बिच चुनौति छन्। यो चुनौतिलाई सामना गर्नका लागि प्रदेश नम्बर चारले आफ्नो कर्मचारी संयन्त्र, प्राविधिकहरु सबै आफ्नो मातहतमा बनाउने कुरा, त्यसलाई कार्यान्वयन गर्ने कुरा अहिलेको मुख्य चुनौति हो। त्यो चुनौतिलाई आत्मसात यो सिद्धान्तले गरेको छ। यस कारणले मौसम, प्राकृतिक प्रकोप, मल, सिंचाई र कर्जामा विशेष ध्यान केन्द्रित गर्न

जरुरी छ। हामी अहिले यो दुई सय एकाउन्न वटा देश भरीमा दुई सय एक्काउन्न होमस्टे छ। हामी तीन सय वटा होमस्टे हाम्रो प्रदेशमा बनाउने भन्दैछौं। यो हाम्रो चुनौतिका बिचमा छन् त्यसैले भौतिक पूर्वाधारलाई अझ व्यवस्थित गर्ने र होमस्टेमा अरु खालका लगानी, उज्यालोको लागि, उनीहरुको बसाईका लागि, बसाईका अरु खालका पार्कहरु निर्माण गर्ने कुरामा ध्यान दिन जरुरी छ भन्ने अनुरोध गर्न चाहन्छु। आफ्नो भनाई राख्न चाहन्छु। पारदर्शी, सुशासन तथा खर्चको सुनिश्चितता जुन ढंगले व्यवस्थित गर्ने कुरा प्रतिबद्धता आएको छ, उद्यमशीलता विकास गर्ने कुरा आएको छ। शिक्षा र स्वास्थ्यमा ध्यान दिने गरी यो सिद्धान्त र प्राथमिकता आएको छ। यसले आगामी दिनमा हाम्रो बाटोलाई तय गर्ने छ। हामी पहिलो, पहिलो पहिलो वर्षहरुमा, पहिलो पहिलो चरणमा प्रदेश सभाको अभ्यास गर्दछौं। यो अभ्यासले आगामी पचासौं वर्षसम्म हामीलाई हिडने बाटो तय गर्ने छ भन्ने विश्वास गर्दै विदा हुन्छु। धन्यवाद। नमस्कार।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री सरिता गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय सरिता गुरुङ

माननीय सभामुख महोदय, विनियोजित, २०७५ को सैद्धान्तिक प्राथमिकता बारेमा हिजो माननीय मन्त्रीज्यूले मन्त्रीज्यूबाट यसमा धैरै विषयहरु समेटेको र राम्रो नै छ भन्ने मलाई लागि रहेको छ। तर यति हुँदा हुँदा धैरै कुराहरु समेटिएको छ र यसमा दोष लाउन पर्ने त मैले खासै देखिएको छैन। यो विषयवस्तु भेग क्षेत्र समेटी रहँदाखेरि यसमा महिलाको लागि भोलि महिलाको लागि कस्तो खालको बजेट आउने हो? दलितको लागि, अपाङ्ग र जेष्ठ नागरिकको लागि कस्तो खालको बजेट आउने हो भन्ने कुरामा कता कता शंका लागि राखेको छ र सोंचि राखेको छ र यसमा म माननीय सभामुख मार्फत महिला, भनेको एउटा आधा धर्ति ओगटेको र यो नेपालको जे जति आन्दोलनहरुमा पूर्ण रुपले भाग लिने एउटा जनसंख्या भएको कारणले गर्दा

महिलाहरुको सशक्तिकरण र महिलाहरुलाई आर्थिक संवृद्धि गराउन र हामी सुखी नेपाली संवृद्ध प्रदेश बनाउनका लागि महिलाहरुलाई विशेष कार्यक्रम सहितको बजेट छुट्याउन आवश्यकता देखिएको छ। त्यसै गरि दलित एउटा सामाजिक रुपमा उपेक्षित भएको जाति भएको कारणले दलितलाई पनि यो विशेष कार्यक्रम ल्याउन पर्छ भन्ने जस्तो मैले यो बजेटमा मैले सोचेको छु र साथै यो भन्नु पर्दा यहाँ जेष्ठ नागरिक, जेष्ठ नागरिक भनेको हाम्रो एउटा इतिहास हो। यो हाम्रो पैतृिक सम्पत्ति हो। जेष्ठ नागरिकलाई हामीले उपेक्षित गर्न हुँदैन। किनभने हाम्रो आफ्नो खुशी जेष्ठ नागरिकले पाउनु पर्ने कुराहरु यो हो है तर अब यो गरम भन्ने होइन कि उहाँलाई एउटा सम्मानका साथ हाम्रो यो इतिहासलाई जोगाई राख्नका लागि जेष्ठ नागरिकलाई सामाजिक कार्यक्रम हुन पनि यहाँ आवश्यकता ठानेको छु। र मैले यो सर्सति हेर्दाखेरि मैले एउटा के देखें भनें यहाँ भूमिहीन सुकुम्बासीको कहिं कतै उल्लेख भएको देखिएन। यो यहाँ नपर्ने हो कि पर्न पर्ने हो? मलाई जहाँसम्म लाग्छ यहाँ समावेश हुन आवश्यक छ भन्ने मैले सोचेको छु र मलाई विश्वास छ यो पनि भूमिहीन सुकुम्बासीहरुको पनि यो अर्थ बजेटले पनि यो २०७५/०७६ को बजेटले समेटन पर्छ भन्ने मैले आवश्यकता ठानेको छु र अरु भन्न पर्दा यहाँ के भयो भने हामी यो दुई महिना पहिलेको, आज नीति तथा कार्यक्रममा यो प्राथमिकताक्रम फरक फरक भयो। पहिला पर्यटनलाई हामीले प्रायोरिटी दिएको थियौं र अहिले भौतिकलाई यो हुन त जबसम्म भौतिक पूर्वाधारको विकास हुँदैन तबसम्म हाम्रो कुनै पनि विकास गर्न सम्भव हुँदैन यो ठीक हो तर मलाई विश्वास छ यो दुई महिनामा परिवर्तन आए जस्तै फेरि फेरि पनि छिटो छिटो यो प्राथमिकताक्रममा हेरफेर फेरबदर फेरबदल हुने छैन भन्ने विश्वास गर्दै विदा हुन्छु। धन्यवाद। जय नेपाल।

## माननीय सभामुखज्यू

अव म, माननीय श्री प्रभा कोइरालालाई छलफलमा भाग लिन समय दिन्छु। समय ५ मिनेट।

## माननीय प्रभा कोइराला

माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङ्गज्यूले प्रदेश सभामा प्रस्तुत गर्नु भएको विनियोजन विधेयक, २०७५ सारै मिहिनेत गरेर पेश गर्नु भएको छ। सर्वप्रथम त हार्दिक धन्यवाद दिन चाहन्छु। आज आमा-बुबा दिवस रहेछ। आजको दिनमा सम्पूर्ण नेपाली आमा-बुबाहरुलाई सुस्वास्थ्य एवम् संवृद्धिको कामना व्यक्त गर्दछु र सँगै वन उपभोक्ता दिवस पनि रहेछ। सम्पूर्ण वन उपभोक्ताबासीहरुलाई वन भित्र रहेका सबै जराजुरीहरुको पहिचान गरेर यो प्रदेशमा उद्यमशीलताको विकास गर्ने एउटा शुभकामना पनि म व्यक्त गर्न चाहन्छु। सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङ्गज्यूबाट प्रस्तुत विनियोजन विधेयक, २०७५ का सिद्धान्त र प्राथमिकताका बारे सैद्धान्तिक छलफलमा भाग लिने मौकाका लागि सभामुख महोदय प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। हामीलाई धैरै नजरहरुले हेरि रहेको अवस्था छ। यहि, यहि सिलसिलामा दिगो शान्ति र सुशासन कायम गर्दै समग्र प्रदेशको विकासको माध्यमबाट सबै प्रकारका विभेद, पछौटेपन र गरिबीको अन्त्य गर्दै समाजवाद उन्मुख अर्थ व्यवस्थाको आधारशिला खडा गरी जनशक्ति सहितको प्रदेश संचालन, सन्तुलन सहितको प्रदेश संचालन, उज्यालो प्रदेश संचालन, लगानीमैत्री वातावरण, रोजगारीका अवसर, गरिबी निवारण गर्दै संवृद्ध प्रदेश निर्माणका क्षेत्रमा केन्द्रित हुँदै सरकारी क्षेत्र, नीजि क्षेत्र, सहकारी क्षेत्रसँग समन्वय गर्दै, सहकारी क्षेत्र मार्फत सहकार्य गर्दै विद्युतीय आयोजना निर्माण गाउँ गाउँमा विद्युतीयकरण, आधुनिक तथा व्यवसायिक, व्यवसायिक कृषिका माध्यमबाट उन्नत खेति, पशु कृषिका माध्यमबाट उन्नत खेति, पशुपालन, फलफुल खेतिको विकास, सिंचाई सुविधा, उन्नत बिउ बिजन मलखादको व्यवस्था गर्दै अर्गेनिक खेति, नमूना कृषि फर्म संचालन गरेर भूमि बाँझो राख्नेलाई निरुत्साहित गर्ने। कृषि बिचौलिया र भूमि बिचौलियाको अन्त्य गर्ने भन्ने मेरो विचारमा दिन कस्तो हुन्छ भनेर हेर्दाखेरि दिन कस्तो हुन्छ भनेर हेर्दा बिहानीले इङ्गित गर्छ भने जस्तै हो किनकि अहिले अहिलेको समय नेपालीले पाएको दुख कार्यान्वयनमा हामी जान नसकेका कारणले यो नीति धैरै बनि सके कार्यान्वयन पक्ष हाम्रो कमजोर बनेका कारणले गर्दा अहिले हामी सबै नेपालीका घेरभित्र सबै प्रश्नवाचक चिह्न भित्र हामी रहि

रहेका छौं। यसैले अबका दिनहरुमा आगामी दिनहरुमा हामीले पास गरेका विधेयकहरु मार्फत नेपाली जनताले पक्कै पनि सुखानुभूति महसुस गर्न सक्ने छन् भन्ने मैले महसुस गरेको छु। सभामुख महोदय, सहकारी क्षेत्रमा रहेको बजेट राम्ररी प्रदेश सरकारले सहकार्य गरी परिचालन गर्न सकेमा प्रदेश सरकारलाई अर्थ अभाव नहुने जानकारी गराउन चाहन्छु। कि यो क्षेत्रमा रहेका केही गाँठाहरु छन्। सहकारी क्षेत्रका गाँठा प्रदेश सरकार मार्फत फुकाउन जरुरी छ। यसै सन्दर्भमा अर्थ उपार्जनको, अर्थ, अर्थ उपार्जनको क्षेत्रमा नेपाली जनताले विश्वास गरेको सहज राहत पाउने क्षेत्र र भरोसा योग्य क्षेत्र सहकारी नै हो। यसैले प्रदेशको संवृद्धिमा र प्रदेशवासीहरुको हितमा सहकारी गरिबी निवारणको पहिलो खुटकिलो र सुखी उद्यमी बनाउने आधार सहकारीसँग सहकार्य गर्ने सरकारको योजना

**(माननीय समय सकियो)**

आफैंमा गौरवशाली छ। धन्यवाद।

## माननीय सभामुखज्यू

अब यो छलफल यहीं समाप्त हुन्छ।

**माननीय सदस्यहरु अब यो बैठक २०७५ साल जेठ २१ गते दिनको १ः०० बजे बस्नको लागि स्थगित हुन्छ।**